Samaj Anweshan **समाज अन्वेषण** Vol. 2, No. 2 : 17 Oct.2024-13Apr. 2025
DOI: https://doi.org/10.3126/anweshan.v2i2.74162
Research Article
ISSN: 3021-9035 Print

# तिजको सामाजिक सन्दर्भ

**डा. रजनी ढकाल**
*rajni.dhakal@cdn.tu.edu.np*

## लेखसार

प्रस्तुत लेख तिज पर्व र यस पर्वसँग जोडिएको सामाजिक सांस्कृतिक सन्दर्भको विश्लेषणमा केन्द्रित छ । परम्परादेखि मानिँदै आएको तिजलाई आजको समयमा कसरी मनाउने र यस चाडलाई समयसापेक्ष रूपमा सृजनात्मक कसरी बनाउन सकिन्छ भन्ने विचार निर्माणमा यो लेख निर्देशित छ। पितृसत्ताले नियमन गर्दै लगेको चाड तिजलाई नारी चेतनाको निर्माण र महिला सशक्तीकरणको पक्षमा लैजाने विविध तरिकाका विषयमा यस लेखमा छलफल गरिएको छ। समाजको परम्परागत चिन्तनलाई चिर्दै फरक सोच र दृष्टिकोणबाट तिज पर्वलाई अझ रचनात्मक र निर्माणात्मक बनाउन यसमा रहेका सबल पक्षलाई चिन्नुपर्ने र नकारात्मक पक्षलाई हटाउँदै लैजानुपर्ने विचार व्यक्त गरिएको छ। यस लेखमा सामाजिक सांस्कृतिक अध्ययनको पक्षसँग जोडिएर तिजमा प्रचलित गीत, परम्परादेखि रहेका धार्मिक विश्वासका कट्टरपना र बदलिँदो परिस्थितिमा तिजमा देखिएका प्रभावका अनेक पक्षको विश्लेषण गर्दै यो चाडलाई कसरी समाजको अग्रगमनका लागि महिलाका चेतना निर्माणका पक्षमा विकसित गर्न सकिन्छ भन्ने पक्षबाट सुझावहरू पनि प्रस्तुत गरिएको छ। अध्ययनका लागि समाजका सांस्कृतिक विश्वास, उपभोक्तावादी पुँजीवादी व्यवस्थाले समाजमा पारेको प्रभाव र प्रचलन, तिज गीत आदिलाई आधार बनाइएको छ र तिजलाई आजका सन्दर्भमा अझ सकारात्मक सृजनशील बनाउन सकिने निष्कर्ष निकालिएको छ।

## शब्दकुञ्जी

नारीचेतना, पितृसत्ता, लोकप्रिय संस्कृति, वर्गीय सोपानक्रम, शिवपुराण।

## विषय प्रवेश

तिज नेपाली समाजको धार्मिक सांस्कृतिक पक्ष समेट्दै महिलाले मनाउने चाड हो। महिलाको जीवन र तिनका अनेक विश्वाससँगै महिलाको स्वतन्त्रतासँग पनि तिजको सामाजिक सांस्कृतिक पक्ष समेटिएको छ । तिजले महिलाका सामाजिक सांस्कृतिक सम्बन्धमा विशेष भूमिकामा देखाए पनि महिलामाथि बनाएका बन्धन र नियन्त्रणको पक्ष पनि सोचनीय छ। नेपाली समाजमा महिलामाथिको विभेदी व्यवहार र तिनको अवस्थालाई हेर्दा आजका सन्दर्भमा सबैभन्दा पेचिलो बनेको लैङ्गिक मुद्दालाई मनन गर्नुपर्ने हुन्छ। विश्वको सामाजिक, राजनीतिक, राष्ट्रिय मुक्ति, वर्गीय मुक्तिका जति पनि आन्दोलन छन्, आज तिनको महत्त्वपूर्ण विषयगत अङ्गका रूपमा लैङ्गिक समानता रहेको छ। विश्वका अधिकांश देशमा महिला मुक्ति र समानताका मुद्दामा विभिन्न वैचारिक धारका आन्दोलन चलिरहेकै छन्। यति भएर पनि विश्वका विकसित र विकासशील देशमा पितृसत्ता उभिएको छ र सांस्कृतिक परम्पराका नाममा नारीहरूले उत्पीडनको सिकार हुनुपरेको छ। लिङ्गभेदका कारणले अधिकांश परिवार तथा समाजमा

अशान्तिको अवस्था देखिन्छ। समृद्धिको एउटा आधारका रूपमा रहेको नारी समानताको प्रश्न कमजोर हुँदा नेपाली समाज पनि सुख र समृद्धिको सूचकाङ्कमा निकै पछि परेको अवस्था छ। लैङ्गिक सन्दर्भलाई हेर्ने विचारधारा र दृष्टिकोण पितृसत्तावादी हुनुको कारणका रूपमा हाम्रो परम्परा, संस्कृति तथा पर्वहरू पनि रहेका छन्। हुन त सांस्कृतिक मूल्यका आफ्नै मौलिकस्वरूप हुन्छ, तिनमा राष्ट्रियपन पनि हुन्छ तर त्यो संस्कृति समाजमा विभेद र उत्पीडनको कारक बन्नु हुँदैन भन्ने कुरा चाहिँ आजको मूल वैचारिक सन्दर्भ हो। यसै सन्दर्भमा नेपालमा महिलाको पर्वका रूपमा रहेको तिजलाई पनि हेरिनुपर्छ र यस बारेको आम धारणा र विश्वासका बारेमा बहस हुनुपर्छ। प्रस्तुत लेखमा यही विषयलाई आधार मानेर तिज पर्वको विश्लेषणात्मक दृष्टिकोण प्रस्तुत गर्दै यसलाई महिलाको पक्षमा अझ सकारात्मक बनाउने विषयमा विचार व्यक्त गरिएको छ।

## *अध्ययन विधि*

प्रस्तुत अनुसन्धानमूलक लेखमा तिजका विषयका अनेक व्याख्यासँगै तिज गीतलाई पनि अनुसन्धानको एउटा आधार बनाइएको छ। केही तीजका गीतहरू श्रुति परम्परामा रहेका र गायकबाट सङ्कलित छन् भने केही सामाजिक सञ्जालबाट लिइएका छन्। यस लेखमा तिजका परम्परागत र वर्तमान सामाजिक अभ्यासलाई बुझाउन विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरिएको छ। तिजका सन्दर्भमा भएका धार्मिक सांस्कृतिक विषय र अभ्यासलाई केन्द्र नबनाई आजको समाजको व्यावहारिक पक्ष र चेतनाका पक्षबाट प्रस्तुत अध्ययन गरिएको छ। आजको समाजको बुझाइ र व्यवहारको केन्द्रमा रहेर तिजलाई सामाजिक व्यवहार चिनाउने मौलिक चाडका रूपमा चिनाउँदै पितृसत्ताको नियम, तिज गीतमा नारीचेतनाका आवाज, तिजका चाडको अभ्यास महिला र समाज विकासका कोणमा कसरी विकसित गर्न सकिन्छ भन्ने पक्षबाट मौलिक दृष्टिकोणसहित विश्लेषणात्मक विधिका आधारमा प्रस्तुत लेख तयार पारिएको छ।

## *तिज र यसको सामाजिक-सांस्कृतिक सम्बन्ध*

नेपाली समाजमा तिजलाई चेलीमाइतीको मिलनको पर्वका रूपमा लिइन्छ। यसको सम्बन्ध यतिमा मात्र सीमित नभएर महिलाको स्वतन्त्रतालाई नियमन गर्न बनेको पितृसत्तात्मक धार्मिक सांस्कृतिक व्यवस्थालाई पालन गरिने चाडका रूपमा पनि छ। सभ्यताको यात्रामा सामन्तवाद नै त्यस्तो युग हो जसले नारीलाई नियमन र नियन्त्रण गर्ने कसिला साङ्ला निर्धारण गऱ्यो र त्यसको हतियारका रूपमा संस्कृति आविष्कार गऱ्यो। सांस्कृतिक अध्ययनले महिलालगायत सीमान्तकृतको प्रतिनिधित्व र अधिकारका बारेमा प्रश्न उठाउँछ (उप्रेती, २०६९, पृ. ३०)। समाजमा महिलाको स्थान पछाडि रहनुको एउटा प्रमुख पक्ष त्यस समाजको संस्कृति पनि हो। वैदिक कालमा स्त्रीलाई वेदको सन्देश टाढाटाढा फैलाउन सक्ने विदुषीका रूपमा स्वीकार गरिएकी नारीलाई बिस्तारै दमन गर्दै लगियो (अनामिका, सन् २००१, पृ. २५) र यो प्रक्रिया पुराण कालमा तीव्र रूपमा अगाडि बढी नारीलाई पुरुष अधीनस्थ बनाइयो। तिजको कथा शिव पुराणमा वर्णित पार्वतीको कथाकै मिथकीय प्रतिबिम्ब हो (मित्तल, सन् २०१६, पृ. २७२)। यसरी तिजको उत्पत्तिको जुन प्रसङ्ग छ, यसले पितृसत्ताकै रक्षा गरेको छ। यसैगरी सामन्ती समाजले नारी विभेदका लागि विवाह नामक संस्थाको उपयोग सुरु गऱ्यो। एकल विवाह आफैँमा मानव समाजको उच्चतर अवस्था थियो भने स्त्रीलाई दास बनाउने प्रक्रिया पनि यहीँबाट सुरु भयो (कात्यायनी, सन् २००४, पृ. ४२)। तिजको मिथक पनि यही विवाह प्रणालीसँग सम्बद्ध छ। एङ्गेल्सका अनुसार महिलामाथि नियन्त्रण गर्ने कार्यको थालनी नै पारिवारिक संस्थाले गरेको हो। निजी पुँजी, एक विवाह तथा पितृसत्तात्मक परिवारले नै महिलाको स्वतन्त्रतामाथि नियन्त्रण गरेको हो (रिड, २०४२, पृ. ७)। यही परिवारिक जीवनलाई अझ सुव्यवस्थित बनाउने क्रममा बनेका यस्ता सांस्कृतिक

चाडहरूले महिलामाथि अझ धेरै नियन्त्रणका नियम बनाउँदै लगेको देखिन्छ। निवेदिता मेननले भनेझैँ आज पनि महिलालाई घरभित्रका काम गराउने र महिलाको श्रमको उपयोग गर्ने चलनले महिलाको कामप्रति समाजले कुनै पनि सम्बोधन गरेको छैन (सन् २०१२, पृ. २०)। महिला परिवार र समाजलाई सित्तै काम गरिदिने र सामाजिक संस्कृतिलाई पितृसत्ताले निर्देश गरेअनुसार पालना गर्ने पात्रका रूपमा समाजले स्वीकार गर्ने परिपाटी विकसित हुँदै गएको देखिन्छ।

नेपाली समाजमा विवाह गरेर टाढा गएकी चेलीलाई माइती ल्याएर मिठोमसिनो अर्थात् दर खुवाउने अनि नाचगानको वातावरण बनाउँदै उल्लासपूर्वक मनाइने पर्वका रूपमा तिजलाई लिइन्छ। यस दृष्टिले माइती पक्षकाहरू विवाहित छोरीचेलीसँग नजिक हुन तथा उनीहरूका पिर समस्या बुझ्नलाई यो चाडले सहयोग गरेको पनि देखिन्छ। वास्तवमा यस पर्वको व्यावहारिक पाटोलाई गहिरिएर मनन गर्दा विवाहित छोरीचेलीका जीवनलाई नजिकबाट बुझ्न प्रेरित गर्नु हो भन्न सकिन्छ। अर्को पक्षबाट सोच्दा महिलामाथि बिना पारिश्रमिकको घरायसी कामको चर्को श्रम थोपरेको समाजले त्यसलाई सन्तुलनमा ल्याउन पनि यस्तो समयको व्यवस्थापन गरेको हो भन्न सकिन्छ। छोरीचेलीलाई आर्थिक अधिकार नदिने र जीवनमा आत्मनिर्भर बनाउन वातावरण नबनेका समयमा उनीहरूलाई गरिने माइतीको हार्दिकता तथा सहयोगका रूपमा तिजका संस्कारहरू देखिन्छन्। यी यसका सकारात्मक पक्ष भए पनि जतिसुकै बदमास भए तापनि पतिका नाममा व्रत बस्ने, पतिलाई देवता मानेर पानीसम्म नखाई बस्नुपर्ने जुन प्रचलन छ यसले पितृसत्तालाई नै बलियो बनाएको छ। पति धर्मका नाममा महिलाको देहलाई प्रयोग गर्ने यस परम्परालाई शरीर राजनीतिकै एउटा पक्षका रूपमा हेरिन्छ।

व्यक्तिको व्यक्तित्व विकास र उसको सुखका लागि ऊभित्रका समस्या थाहा पाउनुपर्ने हुन्छ र समस्याको विरेचन गर्ने वातावरण पनि बनाउनुपर्ने हुन्छ। कर्मघरमा गएर जीवनमा अनेक सङ्घर्ष गरेका चेलीहरूलाई माइती ल्याएर उनीहरूका गुनासा र समस्या सुन्ने वातावरण यस चाडले मिलाएको छ। नाचगानका माध्यमबाट महिलामा भएका गुनासा र असन्तुष्टिको अभिव्यक्तिको सहजताको अवस्था यसै चाडले निर्माण गरेको हो। पितृसत्ताका कतिपय अभ्यासहरू निहित भए पनि तिजको चाडले जन्मघरबाट टाढा पुऱ्याइएका चेलीका लागि परम्परादेखि अभिव्यक्तिको यही सकारात्मक भूमिका चाहिँ खेलेको छ। वर्चस्व र शक्तिले गरेका दमनात्मक व्यवहारको विरोध गर्न आवाज उठाउने उपयुक्त समयका रूपमा महिलाहरूले यसलाई आजसम्म उपयोग गरेको पनि देखिन्छ। मिठो खानु, मनोरञ्जन गर्नु र मनका गुनासा सुनाउनु आदिले व्यक्तिको आन्तरिक पक्षलाई बुझाउन मद्दत गर्छ नै। नारीका केन्द्रमा रहेर यो चाडको सकारात्मक पक्षलाई पारिवारिक पुनर्मिलन, स्वतन्त्रता र अधिकारको आवाज उठाउने समयका रूपमा लिन सकिन्छ।

पार्वतीले आफ्नो प्रेमी शिवलाई पाउन गरेको तपस्यासँग तिजको कथा जोडिएको हुनाले पनि यसलाई नारीको स्वचयनको अधिकारसँग जोडेर हेर्न सकिन्छ। पिता हिमालयले विष्णुसँग विवाह गरिदिन लागेकी पर्वतीले आफ्ना सखीहरूको सहयोगमा तपस्या (भोक हडताल) गरी जीवनसाथी छान्न सफल भएकी छन्। यही विषयलाई आधार मानी अनामिका (सन् २००१, पृ. १५७) ले पार्वतीलाई प्रतिरोधकी देवी पनि भनेकी छन्। यति भएर पनि तिजका कथासँग जोडिएका कतिपय सन्दर्भ र व्याख्याहरू तथा अहिले गरिने अभ्यास (पतिलाई मात्र परमेश्वर मानी गरिने अनेक क्रियाकलाप) मूलतः पितृसत्ताको शक्तिशाली अभ्यास हो। पार्वतीले आफैँ पति छानेर आफ्नो जीवनको निर्णय गरेझैँ छोरीले आफ्नो निर्णय आफै गर्न सक्छन् र अधिकारका लागि सचेत हुन सक्छन् भन्ने सन्देश पनि यो चाडले परम्परादेखि बलियोसँग बोकेको छ। पहिलेको समयमा तिजमा महिलाले गरेको व्रत (पतिप्रतिको भक्ति) लाई तत्कालीन समाजका अधिकारविहीन तथा आर्थिक रूपमा सबल

नभएका महिलाले आफ्नो सहयोग तथा साथका लागि गरेको एउटा बाध्यकारी अभ्यास भएको बुझ्न सकिन्छ। आज आएर चाहिँ विवाह नगर्ने, एकल रूपमा बस्ने महिला, तेस्रो लिङ्गी महिलाको कल्पनासमेत नगरी पतिसँगै आश्रित हुने महिलाको पाटो मात्रको सम्बोधनले तिज सबै महिलाको चाड हो त भन्ने प्रश्न पनि गर्न सकिन्छ। तिजका धार्मिक र सांस्कृतिक अभ्यासले महिलालाई आश्रित पात्रका रूपमा नै उभ्याएको छ तर आजका सन्दर्भमा चाहिँ यसको कतिपय स्वरूप फेरिँदै गएका छन् भने महिलाहरू पनि आत्मनिर्भर भएका छन्, आर्थिक रूपमा सबल हुँदै गएका छन् । बदलिँदो सामाजिक परिस्थिति र विकाससँगै तिजको मर्म र बुझाइ फेरिँदो छ र फेरिनुपर्छ।

## *तिजको मौलिकता*

भाद्र शुक्ल तृतीयाका दिन मनाइने तिज नेपाली महिलाको मौलिक पर्व हो। तिजका दिन रातो परिधान धारण गर्ने, मन्दिर जाने, व्रत बस्ने, पूजा गर्नेजस्ता धार्मिक, सांस्कृतिक क्रियाकलाप गरिन्छ। यस दिन महिलाहरू घर, मन्दिर, चोक र खुला ठाउँमा नाचगान गर्दै मनोरञ्जन गर्दछन् । तिजको अघिल्ले दिन दर खाने, गीत गाउने, नाचगान गर्ने चलन छ। दरका रूपमा दुध र घिउबाट बनेका अनेक गरिष्ठ भोजन गरिन्छ। भगवान् शिवको आराधना गर्ने पर्व भनिएका कारण यो हिन्दुधर्मसँग जोडिएको भए पनि आजभोलि सबै धर्म र सम्प्रदायका महिला तिजको मनोरञ्जनमा सहभागी भएका देखिन्छन्। त्यसैले तिज आजभोलि लोकप्रिय संस्कृतिका रूपमा पनि विकास भइरहेको छ। परम्परादेखि चल्दै आएको चलन र विशेष खालको जीवनशैली र अभ्यासका कारण यो नेपाली संस्कृतिका रूपमा प्रचलनमा रहेको छ। नेपाली समाजमा पौराणिक कालदेखि यो पर्व मनाउँदै आएको जनविश्वास छ। नेपाली महिलाहरूले मनाउने यो पर्व नेपाली समाजमा मौलिक स्वरूपको देखिन्छ।

## *पितृसत्ताको नियमन गर्ने चाड*

पितृसत्तात्मक व्यवस्था सधैँ लोकतान्त्रिक मूल्य-मान्यताको विपरीत रहेको हुन्छ। यस व्यवस्थाले जात, लिङ्ग, वर्ण, वर्ग, धर्म जस्ता विभेदसँगै परिवारको वर्चस्वशाली पुरुषको मत र धारणालाई स्वीकार गर्नुपर्ने मान्यता राख्छ। नेपाली समाजमा परम्परादेखि प्रचलित तिजको धारणा पितृसत्ताबाट निर्देशित देखिन्छ। यस चाडमा पितृसत्तात्मक र सामन्तवादी संस्कारका मान्यता समेटिएका छन्। तिजले महिला शरीरको नियन्त्रणका लागि नै पतिप्रति बफादार हुन सिकाएको छ। तिजका पूजामा सुनाइने कथा, ऋषिपञ्चमी व्रतमा सुनाइने कथाले धर्म र पापका नाउँमा महिलामाथि कडा नियन्त्रण गरेको छ। रजस्वलासँग जोडेर बनाइएका अनेक कथा र संस्कार महिलाको स्वतन्त्रता नियन्त्रण गर्न बनाइएका हुन् । परापूर्वकालदेखि नै महिलाको यौनिकतालाई नियन्त्रण गरिनुपर्ने र यसका लागि पुरुष धेरै जिम्मेवार हुनुपर्ने पाठ सिकाइएको छ। महिलाको स्वतन्त्रतामाथि अङ्कुश राख्न ल्याइएको पतिव्रता धर्म सामन्तवादी पितृसत्ताको अचुक उपाय हो। यही पाटोलाई नियमन गर्नलाई पनि तिजको व्रत र योसँग जोडिएका अनेक संस्कार व्यवस्थित गरिएका हुन्। मनु एकातिर *यत्र नार्यस्तु पूज्यान्ते रमन्ते तत्र देवता:* भन्छन् र अर्कातिर महिला पुरुषको अधीनमा रहनुपर्ने र स्त्रीधर्म पालना गर्नुपर्ने व्याख्या पनि गर्छन् (ठकुरी, २०७७, nayaptrikadaily.com)। महिलालाई यही स्त्रीधर्मका पाठ सिकाउनका लागि नै तिजको कथा सुरु भएको देखिन्छ भने 'रजस्वलाजस्तो महिला शरीरको प्राकृतिक चार दिनलाई अछुत समय' का रूपमा बुझाई त्रुटि तथा दोष निवारण गर्न ऋषिपञ्चमीको पूजा गर्ने नियम बसालेको छ। यी सबै पक्ष महिलाको यौनिकतासँग जोडिएका हुनाले पनि पितृसत्ताले महिलालाई नियन्त्रण गर्न तिजबाट यस्ता व्यवस्था गरेको देखिन्छ।

## *तिजका गीतमा नारीचेतनाको स्वर*

नागपञ्चमीदेखि ऋषिपञ्चमीसम्म नेपाली समाजमा

तिज गीत गाउने प्रचलन रहेको देखिन्छ। तिजका दिन घरका कामकाज छोडी स्वतन्त्रतापूर्वक समूहमा नाचगान गर्ने चलन छ। यो चाड गीतसङ्गीतको पर्वका रूपमा पनि विकसित हुँदै गएको छ। हिजोदेखि आजसम्म तिजका समयमा गाइने गीतलाई हेर्दा यी गीतमा कुनै न कुनै रूपमा नारीका चेतना र आवाज मुखरित भएका छन्। सामाजिक सञ्जालको व्यापकता र नाफामूलक बन्ने होडले आजभोलि तिजका नाउँमा दोहोरी गाउने, यौनिक क्रियाकलाप झल्किने खालका भिडियो बनाउने प्रचलन बढेको छ। कतिपय तिज गीतका भिडियो परिवारमा बसेर हेर्न नसकिने खालका छन्। गीतका बोल पनि महिलालाई वस्तुका रूपमा नै चित्रण गरिएका र भोगवादी सोचबाट प्रेरित भएका छन्। तर परम्परादेखि तिजमा महिलाहरूले शिव भक्ति, माइतीको सम्झना तथा आफ्ना जीवन भोगाइका अनेक गुनासासँगै आफू सबल हुनुपर्ने आवाज उठाउँदै गीत बुनेको देखिन्छ। समाजसँगै शिक्षा र चेतनाको विकासले महिलाका गीत तथा चेतनाका तहले फड्को मार्दै गएको पनि छ। तिज गीतमा महिलाले मूलतः आफ्नो जीवनको परिस्थिति जोडेर पीडा, बेदना, सङ्घर्ष र अनुभूतिका विविध पक्षसँगै अधिकार र सामाजिक परिवर्तनका अनेक विचार पोख्ने गरेको देखिन्छ।

अघिल्लो समयमा महिलाले गाउने तिज गीत शिवको आराधनामा सीमित थिए। समयको विकाससँगै गीतको स्वरूपमा पनि परिवर्तन भएको छ। समाजको विकास र त्यसको परिवर्तनसँगै हुने चेतनाको स्वरूप यस्ता कलात्मक अभिव्यक्तिमा स्पष्ट हुन्छ। नेपाली समाजमा तिसको दशकतिरका कतिपय गीतहरूबाट नै महिला अधिकारका आवाज मुखरित हुन थालेका देखिन्छन्। तिजले हाम्रा हजुरआमा र आमा पुस्तालाई यसैगरी बोल्न सिकायो–

*लिप्यौँ लाप्यौँ बाबाको आँगनी*
*छिटकरी मारी नाचौँला*
*छिटकरी मारी नाचने चेलीको*
*शिरैमा छैन शिरफूल....*

सम्पत्तिको अधिकार जमाएका घर माइतीका पुरुष सदस्यलाई आफ्ना पेवा वा सम्पत्तिका रूपमा रहने अनेक गरगहना (शिरफूल, ढुङ्ग्री, चन्द्रमा, माडबरी आदि) का सौन्दर्यको वर्णन गर्दै बनाइदिन अनुरोध गरिएका यस्ता गीतले उनीहरू आर्थिक रूपमा सबल भएर बलियो बन्न चाहेको भाव झल्किन्छ।

*रमरझम तिजै र आयो*
*कमाइदेऊ राजै शिरफूल*
*तिमी त नारी काली पो छौ र*
*सुहाउँदैन शिरफूल*
*वेदका अक्षर नि काला हुन्छन् राजै*
*नपढे है सास्तर !.....*

माइती र घरका पुरुष सदस्यसँग महिलाले गीतमा व्यक्त गरेका माग त्यतिबेला गहना गुरिया र शृङ्गारमा सीमित थिए। तर यी मागमा उनीहरूले आफ्नो अधिकार खोजेको देखिन्छ। नारीलाई आर्थिक रूपमा सबल बनाए मात्र उनीहरूमा आत्मनिर्भरता बढ्छ भन्ने चेतना यहाँ व्यक्त भएको छ। समयको चेतनासँग महिलाले आफ्नो आवाजलाई अझ मुखर गर्दै लगे। चालिसको दशकतिर गण्डक क्षेत्रमा गाइने गीत यस्तो पनि थियो – ***सालको पात टिपेर नलाऊ आमा टपरी, हामी बिहे गर्दैनौँ मनै नपरी....।*** महिलाले अध्ययन र आर्थिक अधिकारका पक्षलाई अलि पहिलेदेखि बुझ्ने थालिसकेका थिए। योगमायाको जलसमाधिको विद्रोह हुँदै विराटनगर मजदुर आन्दोलनमा जोडिएका महिलाको आन्दोलनले महिलामा चेतनाको लहर बढ्न थालेको थियो। देशको परिवर्तित व्यवस्थासँगै अखिल नेपाल ट्रेड युनियन महासङ्घको आन्दोलनदेखि एकतिहाइ महिला सहभागिता आवश्यकता अनुभव गर्न थालियो (पाण्डे, २०७१, पृ. ३९०)। त्यसपछि सम्पत्तिमा महिला अधिकारको विषयलाई लिएर देशव्यापी कार्यक्रमसँगै महिलामा चेतनाको तह

बढेको देखिन्छ। सम्पत्तिमा महिलाको अधिकार रहे मात्र महिला मुक्ति र स्वतन्त्रता सम्भव हुन्छ भन्ने भाव यस समयका तिज गीतमा प्रतिविम्बित भएको छ–

*पारि वनमा सेतै भयो सिमलुका भुवाले*
*छोरा जति परदेश गए भन्छन् बुबाले*
*बुबाले भन्नुहुन्छ भैँसी फुकाई लगाइदेऊ*
*आमाले भन्नुहुन्छ धन्दा सघाइदेऊ*
*भैँसी फुकाई लगाम् कि घरको काम सघाम् कि*
*भविष्यलाई सोचेर पढ्न जाम् कि*
*हामी पनि हौँ नि बुबा एउटै रूखका बिरुवा*
*हाम्लाई पनि चाहियो अंश काँक्रो चिरुवा*
*बुबाका कामले कपाल मैले कोरिन*
*अब मैले आधा अंश नलाई छाडिन*
*हैनौ छोरी भन्छौ भने अर्को बुबा दखाइदेऊ*
*हौ छोरी भन्छौ भने अंश लेखाइदेऊ....*
(स्रोतः अमृता शर्मा, त्रिवि)

यसैगरी २०४६ को जनआन्दोलनपछि विकसित नारी चेतनाको आवाज नारी अधिकार मात्र मात्रै होइन देशको चिन्तासँग जोडिएको छ। समाज परिवर्तनको लागि अगाडि बढेका व्यक्तिले गरेका कुकर्ममा आलोचनात्मक प्रहार गर्ने, नारी दमन र शोषणका कारणहरू खोतल्ने र स्पष्ट रूपमा अघि बढ्नका लागि दृष्टिकोण व्यक्त गर्ने काम यस समयका गीतबाट भएको देखिन्छ –

*बाबाको दैलामुनि ठुलो रूख सिमलु*
*देशको थिति हेर्दा खेरी मनै भिमलु*
*जतिजति नारी उठे नारी हक छ भनी*
*त्यतित्यति नारीलाई शोषण गरनी*
*नारीलाई शोषण गर्ने यिनी पुरुष जाति हुन्*
*स्वतन्त्र छन् समान छन् भन्ने यिनै हुन्*
*गहना र कपडाले नारीलाई सिँगारे*
*आनन्द र विलासको साधन बनाए*
*किरिम पनि चाहिँदैन, पाउडर पनि चाहिँदैन*
*नारीलाई थिचोमिचो गर्न पाइँदैन*
*सृजनाको स्रोत हो नारी सम्झ सबैले*
*सृजनालाई भुलाउँछ नारी जातिले...*
(अधिकारी, २०७८, www.setopati.com)

समयको चेत र विद्रोह तिजका गीतमा क्रमिक रूपमा विकसित हुँदै आएका छन् । आजको समयमा पनि महिलामाथि गरिने दमन र उत्पीडन फरक खालको छ । नेपाली समाज गणतान्त्रिक स्वरूपमा बदलिएर यहाँका भिन्न लिङ्ग, जातजाति, वर्ग र क्षेत्रका व्यक्तिलाई कानुनले समान रूपमा सम्बोधन गरे पनि व्यवहारमा सजिलै परिवर्तन हुन सकेको छैन। मार्क्स र एङ्गेल्सले समयसँगै समाजको परिवर्तन भए पनि पुराना संस्कार र व्यवहारमा हुने परिवर्तनको गति ढिलो हुन्छ भनेझैँ आज पनि नेपाली समाजमा महिलामाथि फरक दमन छ। बाहिरी स्वरूपमा धेरै परिवर्तन आए पनि महिलाको शरीरमाथि पुँजीवादी समाज व्यवस्थाले बनाएका अनेक धारणलाई चिर्न प्रीति आलेले गीत गाएकी छन् – *मै मोटी भएको दुनियाँलाई पिर...'* महिलाको शरीर मोटो हुनु, दुब्लो हुनु, होचो हुनु, कालो हुनु, तेस्रो लिङ्गी हुनु गलत हो र यसलाई सुधारेर समाजले चाहेअनुसार शरीर बनाउनुपर्छ भन्ने पितृसत्ता र पुँजीवादी युगले बनाएको गलत धारणा चिर्न यो गीतले समयसापेक्ष आवाज उठाएको छ। बलात्कारी र भ्रष्टाचारीलाई सुली चढाउने क्रान्तिकारी आवाज अहिलेका गीतमा आएका छन् । समाजप्रति सचेतहरू समाजको यथार्थताप्रति संवेदनशील भएर अगाडि बढेका र सोहीअनुसारका गीत गाएका छन् । भड्किलो प्रदर्शन नगरी समभाव झल्किने तिज मनाउने, त्यस्तै गीत गाउने प्रयत्नमा पनि छन्, यो राम्रो कुरा हो । कतिपय गीतले सामूहिकताका स्वरलाई उठाएका छन्, अधिकार र चेतनाका आवाज बलियो बनाउन थालेका छन्, यो पक्ष तिजमा अझ बलियो भएर आएको छ। तर आज पनि महिलाले मर्ने बाँच्ने भावका गीत गाइरहनुको अन्तर्यलाई पनि यो समाजले गम्भीर रूपमा सोच्न बाध्य हुनुपर्छ। प्रीति आलेको 'दुनियालाई',

शान्तिश्री परियारको ‘काली पसम् कि डोरी कसम् कि’, पवित्रा पौडेल ‘खोलाखर्के’ को ‘शङ्ख फुक चेली हो’ जस्ता गीतले महिलाको शरीर, समाजमा विद्यमान शोषणका विरुद्धका आवाज र भ्रष्ट राजनीतिका मुद्दालाई स्पष्टसँग उठाएका छन् । यही समयमा पितृसत्ताका सोचबाट निर्देशित भएर महिलालाई वस्तुकरण गरिएका शरीर सुम्पनेजस्ता गीत पनि गाइएका छन् ।

## *तिज निरन्तरताको खोज*

दसैँ, तिहार, जनैपूर्णिमा, छठ आदि पर्व कसरी र किन मनाउने भन्ने प्रश्न उति गरिन्न, तर तिज किन मनाउने, कसरी मनाउने भन्ने प्रश्न गरिन्छ। बदलिएको सामाजिक चेतनाको तह र परम्परादेखि चल्दै आएका महिलालाई नियन्त्रण गर्ने कतिपय अभ्यासका कारण यो प्रश्न गरिएको हो । प्रश्न गर्नु आवश्यक छ किनभने प्रश्न र विमर्शले नै हामीलाई सही बाटोमा डोऱ्याउँछ र समाजका गलत अभ्यास छाड्दै यसका सकारात्मक पक्ष अँगाल्न प्रेरित गर्छ। नेपाली समाजमा उपभोक्तावादको प्रभाव र दबाब महिलामाथि बढी छ। उत्तर उपभोक्तावादी संस्कृतिले एउटा नयाँ बजारको निर्माणका लागि महिला देहलाई वस्तु बनाएर प्रस्तुत गरेको छ (कुमार, सन् २००४, पृ. १५७)। यसले गर्दा महिलाकेन्द्री उपभोक्तावाद निरन्तर मौलाएको छ। साउने सोमबार र तिजलाई उपभोक्तावादी पुँजीवादले आफ्नो नियन्त्रणमा लिएको कारण तिजका हिजोका मूल्य पनि सकिएका छन् र यसले सपिङ मल र पार्टी प्यालेस हुँदै बजारीकरणको नयाँ दिशा समातेको छ।

महिनौँदेखि दर खाएर तिज मनाउने, पार्टी प्यालेसमा रमझम गर्ने, भड्किलो गहना लुगाको प्रदर्शन गर्ने, यौनमूलक र अश्लील गीत तथा भिडियोको निर्माण र प्रदर्शन गर्ने आदि सन्दर्भले तिजको मौलिकपन हराएको छ भने यसले महिला शरीरलाई फेसन बिम्बमा परिवर्तन गरेको छ। यसले वर्गीय सोपानक्रमलाई बढाएको छ। समाजमा रहेका हुनेखाने र हुँदाखाने वर्गबिचको खाडल यस्तो प्रवृत्तिले झन् गहिरिँदै गएको पनि छ । यसरी आजका सन्दर्भमा हेर्दा तिज केवल धार्मिक सांस्कृतिक पर्व मात्र रहेन, यो पुँजीवादी बजार व्यवस्थाको चङ्गुलमा परेको चाड पनि बनेको छ। पुँजीवादी अर्थव्यवस्थाले समाजका हरेक तह प्रभावित हुँदा तिजलाई प्रभाव नपार्ने कुरै भएन। श्रावणका हरिया, पहेँला लुगा र चुरादेखि तिजमा लगाइने महङ्गा साडी र गरगहना उपभोक्तावादी जीवनशैलीका उपज हुन्। मुनाफामुखी बजार व्यवस्था तथा त्यसको रणनीतिमा परेको समाज तथा उपभोगमा मनोरञ्जन लिने उपभोक्ताको बदलिँदो जीवनशैली तिजमा मात्र होइन, नेपाली समाजका हरेक चाडमा देखिएका छन्। बिहे, व्रतबन्धमा गरिने खर्च, अन्य जमघटमा गरिने मनोरञ्जनलाई पनि पुँजीवादी अर्थव्यवस्थाले घेरेको छ। सक्नेहरू सधैँ उपभोग गरिरहेकै छन्, नसक्नेहरू हीनता मनोभावमा परेकै छन्।

अब तिज मनाउने र नमनाउने भन्ने कुरा व्यक्तिगत स्वतन्त्रताको विषय पनि हो। तर यसका गलत अभ्यास छोड्न वा सुधार गर्न आवश्यक छ। तिजभित्र रहेको पितृसत्तालाई प्रश्न उठाउँदै कसरी अगाडि बढ्ने त भन्ने कुरामा नयाँ पुस्ता केही रूपमा सचेत छ। कतिपय अभ्यासका विषयमा वैज्ञानिक दृष्टिकोणबाट प्रश्न गर्न अवश्य सकिन्छ। यो विषयमा चासो लिएकाहरूले अरूलाई पनि सचेत बनाउन आवश्यक छ। शक्तिको चलखेल भइरहने समाजमा त्यसका विरुद्ध आवाज उठाउने सचेत वर्ग पनि बढिरहेको छ र सोहीअनुसार सचेत भएर अगाडि बढ्ने कुरा निश्चित पनि छ।

आजको सन्दर्भमा तिज समाज र समूहलाई प्रत्यक्ष जोड्ने चाड भएको छ। गीत, नाच, सामूहिक भेटघाट र मनोरञ्जन, म्युजिक भिडियो आदिले यसलाई अझ व्यापक सामाजिक जनजीवनसँग जोडेको छ। आजभोलि परिवारभित्र मात्र नभएर टोल, छिमेक, समूह, अफिस आदिमा दर खाने कार्यक्रम आयोजना गर्ने प्रचलन बढ्दो छ । स्त्रीत्वको उत्सवका रूपमा पनि महिलाहरू एकआपसमा सद्भाव बढाउँदै आआफ्नो चिनजानको

दायरा फराकिलो बनाउँदै छन् । यस्तो सामूहिकताको प्रचलनले घर वा डेराभित्र भेटघाटलाई सीमित गर्न गाह्रो छ। यसले पार्टी प्यालेसमा दर खाने खुवाउने प्रचलन बढ्नु स्वाभाविक हो। महिलाहरू आर्थिक रूपमा सबल बन्दै गएर आफ्ना लागि खर्च र मनोरञ्जन गर्ने वातावरण बढेका कारण पनि यस्ता क्रियाकलाप बढ्नु स्वाभाविक हो। एउटी कामकाजी महिला आफन्त र साथीलाई घरमा सबै कुरा व्यवस्थापन गर्न सक्दिन र बाहिर रेस्टुरेन्ट र पार्टी प्यालेसमा कार्यक्रम गर्न सक्छे, यो पनि स्वाभाविक हो। भ्यालेन्टाइन डेको मनोरञ्जनमा भरिएका रेस्टुरेन्ट र पार्टी प्यालेस तिजमा भरिनुलाई आलोचना गर्नुपर्ने पनि नहोला। मुख्य कुरा के हो भने कुनै पनि मनोरञ्जनले अरूलाई बाधा पुऱ्याउनु भएन, खर्च भड्किलो नभएर उत्पादनमूलक तरिकाको हुन सके राम्रो हो। सामूहिक जमघटले महिलामा बढ्ने आत्मीयता, त्यसले सिकाइ र बुझाइमा ल्याउने परिवर्तनलाई पनि सकारात्मक रूपमा लिन सकिन्छ। खाने र मनोरञ्जन गर्ने प्रवृत्ति मानवीय स्वभाव हो भने त्यो पुरुषमा मात्र होइन महिलामा पनि हुन्छ।

## *तिजका अभ्यास : महिला र समाज विकासका पक्षमा*

तिजका कतिपय परम्परागत अभ्यासहरूलाई आलोचनात्मक दृष्टिले हेर्दै यस पर्वलाई सृजनात्मक बनाउन सकिन्छ। हाम्रा परम्परागत अभ्यासहरूको पुनः परिकल्पना गरेर परिवर्तित सामाजिक मूल्यमान्यतालाई सघाऊ पुऱ्याउने हुनुपर्छ। केही नवीन अभ्यासहरूलाई अघि बढाउने प्रयास भएका छन् र केही सुधार गर्नुपर्ने देखिन्छ।

क. लैङ्गिक समानताका लागि भइरहेको प्रचलन र व्यवहारमा आलोचनात्मक छलफल हुन आवश्यक छ। नेपाली समाजमा महिलाहरूको विकसित भूमिकामा केन्द्रित फोरम, सेमिनार र छलफल आयोजना गरी बहस गर्न सकिन्छ । कतिपय परम्परागत अभ्यासहरूको आलोचनात्मक दृष्टिकोण आवश्यक छ। निर्जला व्रत, पतिका लागि उपवासजस्ता कुरा व्यक्तिगत स्वतन्त्रताका विषय हुन्, यी बाध्यकारी होइनन् । उपवासले आफ्नो स्वास्थ्य सकारात्मक हुन्छ भने बस्नु राम्रो हुन सक्छ; तर आफ्नो स्वास्थ्यअनुसारको खाना महत्त्वपूर्ण हो । यसका साथै महिला सशक्तीकरणका लागि तिज एउटा महत्त्वपूर्ण सन्दर्भ बन्न सक्तछ। महिला सशक्तीकरण, नेतृत्व, आर्थिक स्वतन्त्रतासम्बन्धी कार्यशालाहरू सञ्चालन गर्न सकिन्छ।

ख. यो पर्व रचनात्मक अभिव्यक्ति गर्ने अवसरका रूपमा मनाउन सकिन्छ। आधुनिक सन्दर्भमा तिज, नारीत्व र नारीत्वका विषयवस्तुको अन्वेषण गर्ने प्रदर्शनीहरू, कविता, स्ल्याम पोयट्री, थियटर प्रदर्शन सञ्चालन गर्न सकिन्छ । युवा कलाकारहरूलाई उत्सवमा आफ्ना विचारहरू रचनात्मक रूपमा व्यक्त गर्न प्रोत्साहित गर्न सकिन्छ। यसमा फेसन डिजाइनलाई पनि समावेश गर्न सकिन्छ। पुरानो र नयाँ संस्कृति झल्काउने फेसन सो पनि गर्न सकिन्छ। यसबाट महिलाको व्यवसायिकताले स्पेस पाउन सक्छ।

ग. यस अवसरमा सामाजिक र वातावरणीय जागरुकता जगाउने कार्यक्रम आयोजना गर्न सकिन्छ। सजावट र कपडाहरूमा पर्यावरणमैत्री सामग्रीको प्रयोगलाई प्रोत्साहन दिने खालका अभ्यास बढाउन सकिन्छ। पर्यावरणमैत्री जीवनशैलीका लागि केही नयाँ अभ्यास सुरु गर्ने (सरसफाइ, रूखबिरुवा रोप्ने, फालिएका सामानको पुनःप्रयोग आदि) गर्न सकिन्छ। पूजापाठ गर्ने हाम्रा प्रचलनमा केही सुधार गरेर मूर्ति र मन्दिर बचाउने, सफा राख्ने तरिका अभ्यासमा ल्याउन सकिन्छ।

घ. तिज सामाजिक र परोपकारी गतिविधि बढाउने प्लेटफर्म बन्न सक्छ । सामाजिक सद्भाव बढाउने प्रचलनका रूपमा अशक्त महिलाका लागि आश्रय, बालिकाका लागि शिक्षा कार्यक्रम, ग्रामीण क्षेत्रमा स्वास्थ्य शिविर र कोष सङ्कलन गर्न सकिन्छ।

ङ. तिजलाई आर्थिक नभएर सामाजिक सांस्कृतिक

पर्वका रूपमा मनाउने र सामाजिक सांस्कृतिक उत्पीडनका विरुद्धका पर्वका रूपमा रूपान्तरण गरिनुपर्छ।

च. विभिन्न पार्टीका भातृ सङ्गठनका रूपमा रहेका महिलाहरूले यो पर्वलाई नारी जागरणका पर्वका रूपमा विकास गरेर नारी मुक्तिको चेतनालाई विकास गर्ने गरी अघि बढाइनुपर्छ।

छ. आज विभिन्न मिडिया तथा सामाजिक सञ्जालको प्रयोग बढ्दो छ। हरेक व्यक्ति यससँग कुनै न कुनै रूपमा जोडिएको देखिन्छ। यसैले तिजबाटै अनलाइन अभियान बढाउन सकिन्छ। प्रेरणादायी महिलाका कथाहरू साझा गर्ने, रचनात्मक तरिकालाई महत्त्व दिएर प्रसारण गर्ने, सामाजिक सञ्जालमा भर्चुअल उत्सव पनि होस्ट गर्न सकिन्छ।

ज. विद्यालय र क्याम्पसमा विविध शैक्षिक कार्यक्रमहरू बनाई चाडको इतिहास, संस्कृतिसँग त्यसका कमी कमजोरी तथा आधुनिक परिवर्तनहरू अन्वेषण गर्न प्रोत्साहित गर्न सकिन्छ। यसै विषयमा युवाहरूका बिचमा अन्तर्क्रियात्मक सत्रहरू सञ्चालन गर्न सकिन्छ।

झ. तिजलाई समावेशी उत्सव बनाउन सकिन्छ। यसमा पुरुषलाई पनि सहभागी बनाएर साझा सांस्कृतिक दायित्वका रूपमा अगाडि बढाउन सकिन्छ। यस चाडलाई पुरुषले महिलालाई सहयोग गर्ने र प्रोत्साहन गर्ने पर्वका रूपमा पनि लिन सकिन्छ। यसका साथै अन्तर सामुदायिक उत्सवका रूपमा पनि तिजलाई विकसित गर्न सकिन्छ। यसलाई धार्मिक रूपमा नभई सांस्कृतिक रूपमा प्रश्रय दियो भने सामाजिक सद्भाव विकसित गर्छ। समसामयिक सामाजिक मुद्दासँग जोडिएर यसका अभ्यास बढाउनुपर्ने देखिन्छ। तेस्रो लिङ्गीका संवेदनालाई बुझेर फरक वर्ग र समुदायका मानिसलाई समेट्दै अगाडि बढाउने अभ्यासले तिज पर्वलाई अझ लोकप्रिय बनाउन सक्छ। तिजलाई आधुनिक नेपाली समाजको विविधतालाई सम्मान गर्ने पर्वका रूपमा विकसित गर्न सकिन्छ।

## *निष्कर्ष*

तिज पर्वसँग सामाजिक, धार्मिक, सांस्कृतिक पक्ष शक्तिशाली रूपमा जोडिएका छन्, तर तिज व्रत, स्थास्थ्य, मनोरञ्जन, एकता, आपसी सद्भाव र अध्यात्मसम्बन्धी छ। तिजको सामाजिक सन्दर्भबाट हेर्दा यो चाड टाढा गएका छोरीचेलीलाई माइतीमा बोलाएर मिठोमसिनो खुवाउने र उनीहरूका जीवनलाई नजिकबाट बुझ्न गीत र नाचको वातावरण बनाउने गरिन्छ। नेपाली समाजको कृषि परम्परासँग जोडिएको जीवनशैलीलाई हेर्दा यो चाड कामको थकानबाट मनोरञ्जनपूर्ण विश्राम लिने समय हो भनेर पनि बुझ्न सकिन्छ। कामबाट थकित शरीरलाई गीतसङ्गीतमा लयबद्ध बनाउने यो समय जीवनमा थप ऊर्जा भर्ने अवसर पनि हो। यसका साथै जीवन भोगाइमा पाएका अपहेलना र शोषणका विरुद्ध सृजनशील आवाज उठाउने समय पनि हो यो। यही सृजनशील समयलाई अझ लयमा बुनेर मनोरञ्जन गर्ने समय पनि हो तिज। हिजोदेखि आजका सन्दर्भमा बुझ्दा जीवनको श्रम, विश्राम, प्रतिरोधी चेतनाको सृजना अनि त्यसैसँग आवाज र शारीरिक लयको अनुपम मिलन गराउँदै बनाउँदै गरेको नारी जीवनको एउटा फरक समय (स्पेस) पनि हो तिज। तिजमा पहिले अपनाइएका व्यवहार पहिलेकै सामाजिक अवस्था अनुसारका थिए। धर्मग्रन्थमा भनिएका कतिपय कुरा त्यो समाजको सापेक्षतामा भनिएको हो, तर आज फरक छ। पहिले सती प्रथा थियो, आज छैन। महिलाको अस्तित्व पुरुषको स्थानबाट हेरिन्थ्यो, आज त्यसको स्थिति बदलिएको छ। विधवाको स्थिति साह्रै कमजोर थियो आज केही सुध्रिएको छ। तिज धार्मिक सांस्कृतिक पर्व मात्र रहेन, यो सामाजिक सद्भावको पर्वका रूपमा विकसित हुँदै छ। यसलाई कसरी मनाउने भन्ने विषयमा व्यापक विमर्श आवश्यक छ। नेपाली समाजमा एकआपसमा पारस्परिक सद्भाव बढाउने र स्त्रीत्वलाई उत्सवका रूपमा मनाउने चाडका रूपमा तिज विकसित हुँदैछ। आज देशविदेश, गाउँसहर जतातततै तिज मनाइन्छ। फरक धर्म

र सम्प्रदायका महिलाहरू पनि तिजप्रति आकर्षित हुनु यसमा रहेको महिलामैत्री चेतना र सोचले गर्दा हो। मनोरञ्जनसँगै सामाजिक सद्भाव र महिलाबिचको एकताको चेतना बोकेको चाडका रूपमा यो विकसित हुँदै गएको छ। नेपाली समाजमा पतिपत्नी सँगसँगै धार्मिक अनुष्ठान गर्ने परम्परा पनि छ। यसलाई बुझाएर तिजमा पुरुषलाई पनि उत्तिकै संवेदनशील बनाई एकआपसको प्रेमका लागि मनाइने पर्वका रूपमा यसलाई विकसित गर्न सकिन्छ। अटल सौभाग्यको बुझाइलाई पतिपत्नीको प्रेमपूर्ण सम्बन्धका रूपमा बुझाउन सकिन्छ। अहिले तिज दुःखवेदना सुनाउनेभन्दा भेटघाट, रमाइलो र शुभकामना आदानप्रदान गर्न मनाइने पर्वका रूपमा रूपान्तरण हुँदैछ। तिजका माध्यमबाट सुरु भएको महिला अधिकार र सशक्तीकरणका कुरा परिवर्तित सामाजिक व्यवस्थाअनुसार क्रमशः सशक्त बन्दै गएको छ। आर्थिक रूपमा आत्मनिर्भरता र उद्यमशीलता आजका महिलाको आवश्यकता बन्दै गएको छ र त्यसमा कतिपय महिला सक्षम पनि भएका छन्। तिजलाई समयअनुसार महिला र समाजविकासका पक्षबाट सुधार गर्दै लानु आजको आवश्यकता हो। यसले संस्कृतिसँगै समाजको पहिचानलाई लामो समय जोगाइरहन्छ।

## *सन्दर्भ सामग्रीहरू*


अधिकारी, निर्जला (२०७८, भदौ ११). 'तिजका गीत, समय चेत र विद्रोह'. *सेतोपाटी.* https://www.setopati.com/blog/247239

अनामिका ( सन् २००१). *स्त्रीत्वका मानचित्र.* दिल्लीः सारांश प्रकाशन प्राइभेट लिमिटेड

उप्रती, सञ्जीव (२०६९). *सिद्धान्तका कुरा.* चौथो संस्करण. काठमाडौ : अक्षर क्रियसन्स नेपाल।

कात्यायनी (सन् २००४). *दुर्ग द्वार पर दस्तकः स्त्री के अन्तर्जगत– बहिर्जगत और मुक्तिके प्रसङ्ग मे कुछ बाते.* लखनऊ : परिकल्पना।

कुमार, राकेश ( सन् २००४). *नारीवादी विमर्श.* हरियाणाः आधार प्रकाशन प्राइभेट लिमिटेड।

ठकुरी, सञ्जोग (२०७७ जेठ ३१). *हिन्दुसमाजमा ब्राह्मणवादी पितृसत्ता.* https://jhannaya.nayapatrikadaily.com/news-details/1014/2020-06-13. Retrieved date 8/18/2024.

पाण्डे, बिन्दा (२०७१). 'श्रमिक आन्दोलनमा लैङ्गिक समानता'. *रूपान्तरणमा महिला.* दोस्रो संस्करण. काठमाडौ : अस्मिता महिला प्रकाशन गृह सञ्चार तथा स्रोत संस्था, पृ. ३७५–४०२।

मित्तल, महेन्द्र (सन् २०१६). *शिवपुराण.* छैटौँ संस्करण, दिल्ली : मनोज प्रकाशन।

मेनन, निवेदिता, (सन् २०१२). *नारीवादी निगाह से.* (अनु. नरेश गोस्वामी). नई दिल्ली : राजकमल प्रकाशन।

रिड, एवलिन (२०४२). *नारीः जात, वर्ग या उत्पीडित लिङ्ग ?.* (अनु. मुरारी अर्याल). काठमाडौ : पारिजात।